**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ११ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगाल विधानसभाको मानसून सत्र आज दुइ प्रमुख मुद्दालाई लिएर भएको भारी हंगामाबीच अवरुद्ध बनेको छ।

- जिटिएद्वारा प्रथम स्वर्गिय सुवास घिसिङ स्मृति सर्वोच्च नागरिक सम्मान पुरस्कार "सिनकोनाकी आइरन लेडी" श्रीमती रेनुलिना सुब्बालाई प्रदान गरिने भएको छ।

- Operation Sindoor को समर्थनमा पश्चिम बङ्गाल विधानसभामा दार्जीलिङ बिधानसभा क्षेत्रका विधायक नीरज तामाङ जिम्बाले सम्बोधन राख्नुभयो।

- दार्जीलिङ पहाड तथा वरपरका क्षेत्रका लागि विधायक जिम्बाको पहलमा मुख्यमन्त्री राहत कोष (CMRF) अन्तर्गत कुल आठ लाख सत्ताउन्न हजार रूपैयाँ बराबरको स्वास्थ्य सहायता उपलब्ध गराइएको छ।

- उत्तर बंगाल भीषण गर्मीको लहरमा छ। दार्जीलिंग पहाडबासीले भने आज परेको पानीबाट राहत महसुस गरिरहेका छन् |

**पश्चिम बंगाल विधानसभा**

पश्चिम बंगाल विधानसभाको मानसून सत्र आज दुइ प्रमुख मुद्दालाई लिएर भएको भारी हंगामाबीच अवरुद्ध बनेको छ। विपक्षका नेता शुभेंदु अधिकारी बिरुद्ध विशेषाधिकार हनन अन्तर्गत जांचको आदेश अनि तृणमूल नेता अनुब्रत मंडलको कथित अपमानजनक टिप्पणीमाथि भाजपाद्वारा लगाइएको स्थगन प्रस्ताव अस्वीकार भएपछिको विरोधमा
भाजपा विधायकहरुले सदनबाट वाकआउट गरे।

विधानसभा अध्यक्ष बिमान बंद्योपाध्यायले शुभेंदु अधिकारी बिरुद्ध विशेषाधिकार हननको नोटिस स्वीकार गर्दै मामिलाको जांचका लागि प्रिविलेज कमेटीलाई निर्देश दिएको छ। विधानसभा सूत्र अनुसार, हालको सत्रमा यस माथि रिपोर्ट प्रस्तुत गरिनेछ। यता , भाजपाले बीरभूमका तृणमूल नेता अणुव्रत मंडलद्वारा अभद्र भाषाको प्रयोगलाई लिएर स्थगन प्रस्ताव पेश गरिएको थियो, जसलाई स्पीकरले अस्वीकार गरिदिए। यस निर्णयबाट असन्तुष्ट भाजपा विधायकहरुले शंकर घोषको नेतृत्वमा लगभग 12:10 बजे सदनबाट वाकआउट गर्यो।

**रोड सेफ्टी कमेटी**

राज्यमा पुलहरु अनि कलवर्टको सुरक्षालाई लिएर रोड सेफ्टी कमेटीले ठुलो कदम उठाएको छ। दुर्घटनाहरुलाई रोकनका लागि कमेटीले निर्देश जारी गर्दै भनेको छ, राज्य सरकार अनि राष्ट्रीय राजमार्ग प्राधिकरण अधीन रहेको सबै फ्लाईओवर, ब्रिज अनि कलवर्टको तीन बर्षमा एकपल्ट तकनीकी ऑडिट गरिनु अनिवार्य छ।
यस संबंधमा रोड सेफ्टी कमेटीका सचिव संजय मित्तलले राज्यका मुख्य सचिव मनोज पंतलाई एक पत्रमार्फत हरेक पुल अनि कलवर्टको जांचको एक वार्षिक योजना बनाएर केंद्रीय सड़क एवं परिवहन मंत्रालयलाई पठाइने जानकारी दिनुभयो|

**सरकार 11 वर्ष 6.50**

भारतले सेवा, सुशासन र गरीब कल्याणका सिद्धान्तहरुले प्रेरित भएर एक दशक सम्म उल्लेखनीय परिवर्तन गरेको छ। आकाशवाणी समाचारले तपाईहरुका लागि विगत 11 वर्षमा प्रमुख क्षेत्रहरुमा सरकारका प्रयासहरु बारे एक विशेष श्रृंखला प्रसारित

गरिरहेको छ। यस श्रृंखलामा  आज, हामी भारतको परिवहन बुनियादी ढांचाको परिवर्तन बारे ध्यान केन्द्रित गर्दै जानकारी दिईरहेका छौं।

BYTE

**नशालु पदार्थ बिक्री अनि सेवन विरूद्ध कारवाही**

मिरिकमा बड्दो नशालु पदार्थ बिक्री अनि सेवनलाई मध्यनजर राख्दै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा मिरिक युवा शक्तिले आज मिरिक थाना प्रभारीलाई ज्ञापन पत्र बुझाएको छ।  ज्ञापन पत्र सुम्पिएपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा युवा शक्ति मिरिक महकुमा अध्यक्ष उमेश तोलाङ्गी अनि टाउन कमिटी अध्यक्ष आशिष तामाङले आज आफुहरूले मिरिकमा बड्दो नशालु पदार्थ बिक्री अनि सेवनलाई रोक लगाउन थाना प्रभारीलाई ज्ञापन पत्र सुम्पिएको बताएका छन्। उनीहरूले यस सम्बन्धमा कठोर कानुनी कार्वाही गर्नु पर्ने माग गरेको बताउदै मिरिक भएर नै विभिन्न ठाउँहरूमा पनि नशालु पदार्थहरू ओसार पोसार गरिरहेको जानकारी भएको बताए। विशेष गरि युवाहरू हाल नशालु पदार्थमा लागु भएर आफ्नो भविष्यसँगै गाउँ समाजलाई पनि अधोगतिमा धकेलीरहेको कारण यस विषयमा प्रशासन मात्र नभएर सम्पुर्ण नागारिकहरू पनि अघि आउनु पर्ने बताए। यसका साथै अभिभावकहरूले पनि  आफ्ना छोरा छोरीले नशालु पदार्थ सेवन गरिरहेको थाहा पाए यस प्रकारको कार्यलाई ढाक छोप नगरिदिने आह्वान पनि उनीहरूले गरेका छन्। यस बाहेक बजार वा अन्य पसलेहरूले पनि विद्यार्थीहरूलाई मादक पदार्थ लगायत तम्बाकुहरू बिक्री नगरिदिने यदि बिक्री गरेको थाहा पाए उनीहरू विरूद्ध पनि कानुनी कार्वाही गरिने बताए।

**नीरज तामाङ जिम्बा- विधानसभा सम्बोधन**

जम्मू–कश्मीरको पाहलगाममा हालै भएको आतङ्कवादी आक्रमणपछि भारतीय सुरक्षाबलद्वारा ४८ घण्टाभित्र सञ्चालन गरिएको Operation Sindoor को समर्थनमा पश्चिम बङ्गाल विधानसभामा दार्जीलिङ बिधानसभा क्षेत्रका क्षेत्रका विधायक नीरज तामाङ जिम्बाले सम्बोधन राख्नुभयो। विधायक जिम्बाले उक्त सैन्य कारबाहीलाई "देशको आत्मा माथिको प्रहारको जवाफ" को रूपमा व्याख्या गर्दै स्पष्ट रूपमा भन्नुभयो, "यो बदला होइन, यो न्याय हो।" प्रधानमन्त्री नरेन्द्र मोदीको निर्णायक नेतृत्वको प्रशंसा गर्दै बिधायक निरज जिम्बाले भन्नुभयो, "प्रधानमन्त्रीज्यूले सेनालाई केवल हतियार मात्र होइन, विश्वास पनि दिनुभयो।" बिधायक जिम्बाले मोदी सरकारको संयमित तर दृढ दृष्टिकोणले भारतीय सेनालाई आत्मबल र मार्गदर्शन दिएको कुरामा जोड दिनु भयो। दार्जीलिङका गोर्खा सैनिकहरूको योगदान स्मरण गर्दै विधायक जिम्बाले गर्वका साथ बिधानसभामा आफ्नो सम्बोधन राख्दै , दार्जीलिङका गोर्खा सैनिकहरू मौन अभ्यास गर्ने तथा कश्मीरका उपत्यकामा शौर्यपूर्वक लड्ने गरेको बताउनु भयो। श्री जिम्बाले राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रको सुरक्षामा समर्पित सैनिकहरूप्रति सम्मान प्रकट गर्न आह्वान गर्नुभयो।

**निशुल्क स्वस्थ जाच**

स्थानीय स्तरका मानिसहरूको असुविधालाई ध्यानमा राख्दै उम्मीद परिवार बिजनबारी तथा नेत्र उपकार फाउन्डेसन कालेबुङको सयुक्त आयोजनामा बिजनबारीमा एक दिने निशुल्क स्वस्थ जाच शिविरको आयोजना हुने भएको छ। आगामी १४ जुन शनिबार आयोजना हुने शिविरमा मुख्य रूपमा  आँखाका रोगीहरुलाई  केन्द्रित गरिएको छ भने उक्त दिन कालेबुङबाट चिकित्सक दलसगै सहयोगीहरुको उपस्थित रहने आयोजक समितिले जनाएको छ।

**गर्मी**

उत्तर बंगाल भीषण गर्मीको लहरमा छ। शिशुदेखि बृद्धहरु सबै गर्मीको कारण बेहाल छन। मानिसहरू आवश्यक्ता रहे मात्र काम-काजको निम्ति बाहिर निस्की रहेका छन् । नानीहरूको गमर्मीको छुट्टी शेष भएको छ र यस्तो गर्मीमा स्कूल तर्फ जान मुस्किल देखिएको छ यसैले बंगाल हिन्दू महा मंचले आज बिहान सिलगुडीको डी आइ कार्यालयमा एक ज्ञापन सुम्पेको छ। ज्ञापनमा बताईएको छ, उत्तर बंगालको सबै स्कूलहरूको गर्मीको छुट्टीको अवधि बदलियोस कारण प्रत्येक वर्ष नै गर्मी बढ्दै गइरहेछ यस्तोमा आज अचानक पानी परेकोले मानिसहरूलाई धेरै राहत महसुस गरिरहेका छन्, यता Darjeling पहाडमा पनि विगत ३-५ दिनदेखि चरक्क घाम चर्केकोले गर्मी बढेको थियो । त्यस अर्थ आज परेको पानीले मानिसहरुले शितलता महसुस गरिरहेका छन् ।

**बन्दन राई**

मिरिक खण्डको ओकाइटी चियाकमान तीनधुरे निवासी अग्नि पिडित बन्दन राईलाई सहयोगको हात बढाउदै इण्डिय गोर्खा जनशक्ति फ्रण्टले घर निमार्णका सामाग्रीहरु उपलब्ध गराइरहेको छ। यस्तोमा पिडित बन्दन छेत्रीले खुशी प्रकट गर्दै पार्टी प्रमुख अजय एडवर्डस् लगायत मिरिकका नेतृत्व प्रति आभार प्रकट गरेका छन्।

**सुवास घिसिङ स्मृति सर्वोच्च नागरिक सम्मान पुरस्कार**

जिटिएद्वारा प्रथम स्वर्गिय सुवास घिसिङ स्मृति सर्वोच्च नागरिक सम्मान पुरस्कार ‘‘सिनकोनाकी आइरन लेडी’’ श्रीमती रेनुलिना सुब्बालाई  प्रदान गरिने भएको छ। सो घोषणा आज जीटीए सभाका डेपुटी चेयरम्यान राजेश चौहानले एक बिज्ञप्ति मार्फत गर्नुभएको हो।  यो सम्मान दार्जीलिङ्ग पहाडको गरिमा अनि पहाडको गौरवलाई शिखर तर्फ लैजान योगदान दिने व्यक्तित्वहरूलाई हरेक वर्ष प्रदान गरिनेछ। गत वर्षको भानुजयन्ती समारोहबाट जीटीए मुख्य कार्यपाल अनित थापाले यो बर्षदेखि "सुवास घिसिङ स्मृति सर्वोच्च नागरिक सम्मान पुरस्कार" गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनद्वारा स्वर्गीय घिसिङको जन्म जयन्तीमा प्रदान गरिने घोषणा गर्नुभएको थियो सोही घोषणालाई गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रिय महासचिव तथा विधायक नीरज जिम्बाले स्वागत जनाएको पनि बिज्ञप्तिमा उल्लेख छ। स्मरण गराइन्छ रेनुलिना सुब्बा कालिम्पोङकी एक प्रमुख राजनीतिज्ञ हुनुहुन्थ्यो। उहाँ कालिम्पोङ विधान सभाबाट पहिलो गोर्खा महिला विधायक (MLA) हुनुहुन्थ्यो। उहाँले अखिल भारतीय गोर्खा लिग तथा स्वतन्त्र उम्मेदवारको रूपमा विधायक पदमा निर्वाचित भएर क्षेत्रको प्रतिनिधित्व गर्नुभएको थियो।

****** ० ******